Rupantaran : A Multidisciplinary Journal
Vol. III : 165-176, March, 2020
ISSN : 2091-0061
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# लेख्य चिन्हको परिचय, प्रयोग, प्रकार, शिक्षणका प्रयोजन र कार्यकलाप

मानबहादुर भण्डारी[१]
*इमेल :* mb.bhandari1971@gmail.com

## सार

*कथ्य भाषालाई लिपिका माध्यबाट प्रस्तुत गर्ने पद्धति नै लेखन पद्धति हो । भाषिक लेखनमा प्रयोगमा आउने चिन्हहरूलाई लेख्यचिन्ह भनिन्छ । यसमा स्वर र व्यञ्जन वर्ण बाहेकका चिन्हहरू पर्दछन् । यस्ता चिन्हहरू मध्ये केहीले वाक्यभित्रका शब्दशब्दका बीचको र वाक्यका अन्त्यको अडानलाई बुझाउने हुँदा यसलाई विरामचिन्ह पनि भनिन्छ । कार्यका आधारमा लेख्यचिन्हहरू विराम र विरामेतर गरी दुई प्रकारका हुन्छन् । यस्ता चिन्हहरूले भाषिक अभिव्यक्तिलाई शुद्ध र स्तरीय बनाउन, सरल, सहज र बोधगम्य बनाउन, लेखनलाई स्पष्ट, सान्दर्भिक र सार्थक बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । यसका लागि लेख्यचिन्हको उचित र सान्दर्भिक प्रयोगमा ध्यान पुऱ्याउनु पर्दछ । लेख्यचिन्हको मुख्य प्रयोजन लेखन सीपको विकास गर्नु हो । तल्लै कक्षादेखि लेख्यचिन्हको शिक्षण व्यावहारिक र प्रयोगात्मक ढङ्गले गर्न सकेमा भाषिक अभिव्यक्ति सबल, सार्थक र सम्प्रेषणीय बन्दछ । लेखाइका क्रममा लेख्यचिन्हको उचित प्रयोग गरी भाषाको शुद्ध प्रयोग गर्न सक्ने बनाउनु, लेख्यचिन्हको महत्त्व बारे जानकारी गराउनु, स्तरीय मानक भाषा प्रयोग सीप विकास गराउनु, सन्दर्भ र प्रसङ्ग अनुसार लेख्यचिन्ह प्रयोग क्षमता अभिबृद्धि गर्ने प्रयोजनार्थ लेख्यचिन्हको शिक्षण गरिन्छ । पद्यका तुलनामा गद्यमा धेरै चिन्हविधानको आवश्यकता पर्दछ । नेपाली भाषिक लेखनमा अत्याधिक प्रयोग हुने लेख्यचिन्हहरूमा अल्पविराम, अर्धविराम, पूर्णविराम, प्रश्न, उद्गार, सापेक्षविराम, योजक, निर्देशक, उद्धरण, तिर्यक् आदि पर्दछन् ।*

**मुख्य शब्दावली:** लेख्यचिन्ह, महत्त्व, प्रयोग, प्रकार, शिक्षण र कार्यकलाप

## अध्ययनको पृष्ठभूमि

देवनागरी लिपि अन्तर्गतका स्वर वर्ण र व्यञ्जन वर्णहरू पनि लेख्य चिन्ह अन्तर्गत नै पर्दछन् । उच्चारण हुने वर्णहरूको प्रतिनिधित्त्व गर्ने लेख्य वर्णहरू एक प्रकारका चिन्ह नै हुन् । उच्चारित वर्णहरूलाई लिपिबद्ध गरी दृश्यात्मक रूप प्रदान गर्नु चिन्ह वा निशान नामकरण गर्नु हो । यिनीहरूलाई स्वर चिन्ह र व्यञ्जन चिन्हहरू भनेर चिनिन्छन् । तर यहाँ स्वर वर्ण र व्यञ्जन वर्णहरू बाहेकका अन्य चिन्हहरूलाई परिचय र प्रयोगका साथ चिनाउन खोजिएको छ । भाषाको लेखाइको सिलसिलामा वाक्यभित्रका वर्ण, पद, पदावली, वाक्यांश र वाक्यका बीच तथा वाक्यका अन्त्यको पनि विराम वा अडानलाई बुझाउने चिन्हलाई लेख्य चिन्ह भनिन्छ । लेखाइमा वर्णबाहेक विभिन्न चिन्हको पनि प्रयोग गरिन्छ । ती चिन्हले अर्थगत सन्दर्भलाई स्पष्ट पार्न मद्दत गर्दछन् ।

---

१. लेखक त्रि. वि. धनकुटा बहुमुखी क्याम्पस, धनकुटामा नेपाली शिक्षा विषयको उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

कथ्य भाषालाई लिपिका माध्यमबाट प्रस्तुत गर्ने पद्धति नै लेखन पद्धति हो । यसैले लेखन पद्धति भन्ने वित्तिकै भाषाको लिपिको कुरा आउछ । कुनै पनि भाषाका लेख्य चिन्हको समष्टि रूपलाई लिपि भनिन्छ । लिपि दृश्य विषय हो । मौखिक भाषाका ध्वन्यात्मक संरचनालाई लिखित रूपमा प्रयोग गर्दा लिपि चिन्हका माध्यमबाट अभिव्यक्त गरिन्छ । देवनागरी लिपि मूलतः वर्णात्मक लेखन हो । तापनि यसमा केही खण्डेतर, भाषिकेतर र शब्दात्मक चिन्हहरूको पनि प्रयोग गरिन्छ; जस्तै : ।, १, २, ३, ४, ', +, - आदि ।

लेखन पद्धतिको विकास चित्रलेखन, भावात्मक लेखन र ध्वन्यात्मक लेखन गरी तीन चरणमा विकसित भएको देखिन्छ । ध्वनिका माध्यमबाट वस्तु वा भावको सङ्केत गर्ने लेखन पद्धतिलाई ध्वन्यात्मक लेखन पद्धति भनिन्छ । भाषाको प्रत्येक ध्वनिका लागि अलगअलग वर्ण वा चिन्ह प्रतीकको प्रयोग ध्वन्यात्मक लेखनमा गरिन्छ । ध्वन्यात्मक लेखनलाई शब्दात्मक, अक्षरात्मक र वर्णात्मक लेखन गरी तीन उपचरणमा विभाजन गरिन्छ ।

एउटा चिन्हबाट एउटा अर्थपूर्ण शब्दलाई बुझाउने गरी लेख्ने व्यवस्था नै शब्दात्मक लेखन हो (चिनियाँ भाषा) । यसमा एउटा शब्दका निम्ति एउटा लिपिको प्रयोग गरिन्छ । अक्षरअक्षरका लागि बेग्लाबेग्लै लिपि हुने लेखन पद्धति अक्षरात्मक लेखन पद्धति हो (जापानी भाषा) । एउटा वर्णका लागि एउटा लिपि चिन्ह रहने लेख्य पद्धति वर्णात्मक लेखन पद्धति हो (नेपाली भाषा) ।

## अध्ययन विधि तथा सामग्री

यस लेखका लागि तथ्याङ्क सङ्कलन लिखित दस्तावेजबाट यादृच्छिक छनोट विधि अनुसार छनोट गरिएको छ । उद्देश्यमूलक नमुना छनोट विधि अवलम्बन गरी लेख्यचिन्ह, भाषिक लेखन तथा अर्थ सम्प्रेषणमा यसको महत्त्व, प्रकार र प्रयोग, शिक्षण तथा कार्यकलाप सम्बन्धी प्रकाशित, अप्रकाशित सामग्रीहरूको खोजी तथा सङ्कलन गरी अध्ययन गरिएको छ । उल्लिखित शीर्षकमा आधारित पाँच ओटा उद्देश्यहरू (लेख्यचिन्हको परिचय दिनु, लेख्यचिन्हको महत्त्व बताउनु, यसको प्रकार र प्रयोग बताउनु र यसको शिक्षण तथा कार्यकलाप बताउनु)मा केन्द्रित रही प्राप्त सामग्रीलाई वर्णनात्मक विधिद्वारा व्याख्या विश्लेषण गरिएको छ । अतः यस अध्ययनका लागि सामग्री सङ्कलनको स्रोत द्वितीय, सङ्कलन प्रक्रिया पुस्तकालयीय पद्धति र विश्लेषण चाहिँ वर्णनात्मक विधि हो । यस लेखमा खास गरी बीस ओटा लेख्य चिन्हहरूको मात्र उदाहरणसहित अध्ययन गरिएको छ । यो गुणात्मक अनुसन्धान भएकाले उद्देश्यमूलक नमुना छनोट विधिद्वारा लिखित सामग्रीहरूको मात्र सङ्कलन,अध्ययन र विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## छलफल तथा परिणाम

### लेख्य चिन्हको परिचय

लेख्य चिन्ह 'लेख्य' र 'चिन्ह' दुई ओटा शब्द मिलेर बनेको छ । लेख्यको अर्थ लेख्नलायक, लेख्नु पर्ने, लेखनीय भन्ने हुन्छ र चिन्हको अर्थ कुनै वस्तु चिन्ह सकिने रूप वा लक्षण, चिनो, निसाना भन्ने हुन्छ । अतः भाषाको लेखाइका क्रममा वाक्यभित्रका वर्ण, रूप, शब्द, पद, पदावली, वाक्यखण्ड र वाक्यका बीचमा प्रयोग गरिने स्वर वर्ण र व्यञ्जन वर्ण बाहेकका चिन्हलाई लेख्य चिन्ह भनिन्छ (भण्डारी, २०६५ : २९) ।

लेख्य चिन्हलाई विराम चिन्ह पनि भनिन्छ । विराम भनेको रोकिने वा थामिने काम हो । भाषिक अभिव्यक्तिमा आवश्यकता अनुसार कमबेसी रोकिनु पर्ने हुन्छ । जसले गर्दा भाषिक अभिव्यक्ति सुन्दर, रमणीय, श्रवणयोग्य, पठनयोग्य र सम्प्रेषणीय बन्दछ । लेख्य चिन्हहरूले खासगरी वाक्यभित्रका शब्दशब्दका बीचको र वाक्यका अन्त्यको अडानलाई बुझाउने हुँदा यसलाई विराम चिन्ह पनि भनिन्छ ।

शब्द र वाक्यको पारस्परिक सम्बन्ध जनाउन, अडानका लागि तथा भाव र अर्थ राम्ररी खुलाउन लेख्दा वाक्यहरू बुझिने गरी प्रस्टसित लेख्नु पर्छ । यसका लागि ठाउँठाउँमा आवश्यकता अनुसारका चिन्ह दिनु पर्ने

हुन्छ । लेख्य चिन्ह नभएका वाक्यलाई बुझ्न गाह्रो हुन्छ । कहिले काहिँ त अर्थको अनर्थ समेत हुन जान्छ । यसर्थ शुद्ध रचनामा लेख्य चिन्हको प्रयोग गर्नु पर्छ । लेख्य चिन्हले भाषिक अभिव्यक्तिलाई शुद्ध र स्तरीय बनाउन महत्त्वपूर्ण भूमिका खेल्दछ । अभिव्यक्तिलाई सरल र सहज पनि बनाउदछ ।

लिपिबद्ध सामग्रीबाट अर्थ ग्रहण गर्नु वा लिपि चिन्हद्वारा व्यक्त भएका कुरालाई पाठकले ग्रहण गर्न लेखन चाहिन्छ । लेखनलाई स्पष्ट र सान्दर्भिक अर्थ प्रदान गर्नका लागि लेख्य चिन्हको आवश्यकता पर्दछ । भाषिक सम्प्रेषणमा बोलाइसँगै लेखाइको आवश्यकता पर्दछ । जसरी बोलेर भाषिक सम्प्रेषण गर्दा चिन्हको ख्याल नगरी बोलेमा अर्थको अनर्थ हुन्छ । त्यसै गरी भाषा लेखनद्वारा सम्प्रेषण गर्दा पनि विविध चिन्हहरूको ख्याल गरी लेख्य रूप प्रस्तुत गर्न पर्दछ । तब मात्र भाषा अर्थपूर्ण र प्रभावकारी हुने गर्दछ ।

## लेख्य चिन्हको महत्त्व

नेपाली भाषा शिक्षणको दृष्टिले नेपाली भाषाका लेख्य चिन्हको ठूलो महत्त्व रहेको छ । नेपाली भाषाका लेख्य चिन्हको शिक्षण र प्रयोगबाट शिक्षार्थीहरूमा शुद्ध लेख्ने बानीको अतिरिक्त भाषालाई स्पष्ट, मिठासपूर्ण र प्रभावकारी बनाउन सहयोग पुग्दछ । जसले गर्दा शिक्षार्थीहरू नेपाली भाषा लेखनमा दक्ष हुने गर्दछन् । भाषाको शुद्ध लेखनको बानीले लेख्य चिन्हमा हुने त्रुटिमा सुधार ल्याउन सकिन्छ । बालबालिकाहरूलाई कक्षाकोठामा शिक्षण सिकाइका क्रममा बोलाइ सीपसँगै लेखन सीपमा ध्यान दिनु पर्दछ । जसले गर्दा उनीहरूको लेखनकला बढ्नुको साथै लेख्य चिन्हको सही तरिकाले प्रयोग गर्न सक्षम हुनेछन् । लेखनको क्रममा शब्द, वाक्य र अनुच्छेदमा अर्थपूर्णता ल्याउनका निम्ति उचित स्थानमा नेपाली लेख्य चिन्हको एक पछि अर्को प्रयोग गर्नु पर्दछ ।

लेखाइको क्रममा शब्द, वाक्य, अनुच्छेद अनुसार लेख्य चिन्हको प्रयोगमा फरकपना देखा पर्दछ । जसको मुख्य कारण वाक्य वा अनुच्छेदको आशयमा भर पर्दछ । हाम्रो दैनिक जीवनयापनको क्रममा बोलाइको जति आवश्यक पर्दछ त्यति नै लेखाइको आवश्यक पर्दछ । बोलाइमा जति चिन्हको प्रयोग हुन्छ लेखाइमा त्यो भन्दा बढि चिन्हको प्रयोग हुन्छ । किनकि कतिपय चिन्हहरू बोलाइमा आवश्यक नपरेका लेखाइमा प्रयोग हुने गर्दछन् । कतिपय चिन्ह बोलेर प्रस्तुत गर्न नसकिने तर लेखेर प्रस्तुत गर्ने गरिन्छ । यस्ता कतिपय चिन्हहरू बोलेर सम्भव नहुने र अस्पष्ट समेत हुने हुन्छन् । कुनै विषयवस्तुको सार बोलेर भन्दा लेखेर दिनु सान्दर्भिक र बढि प्रभावकारी हुने हुँदा लेखेरै दिनु पर्दछ । त्यति बेला पनि नेपाली लेख्य चिन्हको प्रयोग गर्नु जरुरी हुन्छ । जति लेख्ने कलाको विकास हुन्छ उति लेख्य चिन्हको प्रयोगमा विकास हुन्छ वा प्रयोगमा सक्षम भइन्छ । राम्रो लेखन क्षमताको निम्ति लेख्य चिन्ह प्रयोगमा दक्ष हुनु पर्दछ। चिन्हको प्रयोगले भाषालाई बोधगम्य बनाउदछ। पाठकलाई लेखकको तात्पर्य ग्रहण गर्न सजिलो हुन्छ । विशिष्ट अर्थ प्रदान गर्न सहयोग गर्दछ ।

आधुनिक लेखन शैलीमा मौलिकता र नवीनताको खुबै बृद्धि भइरहेको छ । नवीनताको एक आवश्यकीय भाग र सौन्दर्य बृद्धिको शृङ्गार सामग्री चिन्ह हो (प्रधान, २०३० : क) । चिन्हले भाषिक बोध तथा अभिव्यक्तिमा सरलता र स्पष्टता ल्याउने काम गरेको हुन्छ । भाषालाई स्वादिलो र रोचक तुल्याउने काम पनि गर्छ । यसले वाक्य छोट्याउने र विषयलाई सङ्क्षेपमा लेख्न सहयोग गर्छ । चिन्हको ज्ञानबिना मनभित्रको सुन्दर भाव स्पष्ट र सुन्दरताका साथ अभिव्यक्त गर्न सक्दैन । साथै पाठकहरूलाई रुचाउने लेख लेख्न सकिदैन । पाठक वर्गले पनि चिन्ह ज्ञानबिना आधुनिक भाषाको मधुरता र सुन्दरताको वास्तविक मज्जा लिन पनि सक्दैन । अझ गद्य साहित्यको निम्ति त चिन्ह ज्ञान अनिवार्य नै छ ।

## लेख्य चिन्हको शैक्षणिक प्रयोजन

नेपाली भाषा देवनागरी लिपिमा लेखिन्छ । यस लिपिमा वर्णबाहेक विभिन्न चिन्हहरूको पनि प्रयोग गरिन्छ । ती चिन्हहरूले अर्थगत सन्दर्भलाई स्पष्ट पार्न मद्दत गर्दछन् । नेपाली भाषाको लेखनमा प्रयोग गरिने

यस्ता चिन्हहरूले अर्थमा फरक ल्याउने गर्दछ। लेखनका क्रममा सबै चिन्हको प्रयोग ठीकठीक ठाउँमा गरिनु पर्छ। यदि ठीक ठाउँमा लेख्य चिन्हको प्रयोग भएन भने अर्थबोध र सम्प्रेषणमा बाधा उत्पन्न हुन्छ। लिखित अभिव्यक्ति अर्थहीन तथा अनर्थ हुन जान्छ। भाषालाई लिपिबद्ध गर्ने क्रममा थुप्रै गल्तीहरू हुने गर्छन्। यस्तो गल्तीले भाषालाई निरस, प्राणहीन र औचित्यहीन बनाउदछ। भाषा लेखाइको क्रममा विद्यार्थीहरूले वाक्यको प्रसङ्गअनुसार चिन्हको प्रयोग गर्न नसक्ने, एउटा चिन्हको सट्टा अर्को चिन्हको प्रयोग गर्ने, चिन्हको प्रयोग नै नगरी लेख्ने, लेखाइमा हुँदै नभएको चिन्हको प्रयोग गर्ने, चिन्हको प्रयोग गरे तापनि स्पष्ट प्रस्तुत नगर्ने जस्ता लेख्य चिन्ह सम्बन्धी त्रुटिहरू गर्दछन्। यस किसिमका त्रुटिहरूको न्यूनीकरण र निराकरण गरी लिखित अभिव्यक्तिलाई रसिलो, जीवन्त, सार्थक र बोधगम्य बनाउन लेख्य चिन्हको शिक्षण एक अनिवार्य र अपरिहार्य सर्त मानिन्छ।

नेपाली भाषाको लेखाइमा लेख्य चिन्हलाई आधारशीलाको रूपमा लिन सकिन्छ। लेख्य चिन्हको महत्त्वसँगै यसको प्रयोजन पनि गाँसिएर आउछ। लेख्य चिन्हको मुख्य प्रयोजन लेखन सीपको विकास गर्नु हो। भाषाको मानक प्रयोगका लागि चिन्ह प्रयोगमा शिक्षार्थीहरूलाई सक्षम बनाउनु आवश्यक हुन्छ। भाषाका लेख्य चिन्हको उचित प्रयोग गर्ने सीप विकास गर्न सम्प्रेषणीय भाषा प्रयोग गर्न आधारभूत तहदेखि नै वर्णविन्यास तथा लेखाइ शिक्षण कै संसर्गमा लेख्य चिन्ह प्रयोगको शिक्षण सिकाइ गर्नु उचित हुन्छ। भाषिक प्रयोगलाई गति र यतिसहित स्तरीय, शिष्ट एवं नियमसम्मत तुल्याउन लेख्य चिन्हको प्रभावकारी शिक्षण गर्न आवश्यक हुन्छ। लेख्य चिन्ह लेखाइ सीपसँग सम्बन्धित रहेकाले शिक्षार्थीको लेखाइलाई स्पष्ट, अर्थयुक्त र प्रभावकारी बनाउन लेख्य चिन्ह शिक्षण गर्न आवश्यक पर्दछ। लेखाइमा विभिन्न वाक्य वा कथन अनुसार चिन्हहरूको उचित तरिकाले प्रयोग गर्नु र लेख्य चिन्हबारे विस्तृत जानकारी गराउनका लागि लेख्य चिन्हको शिक्षण गरिन्छ। लेख्य चिन्हको शिक्षण र प्रयोगबाट शिक्षार्थीहरूमा शुद्ध लेख्ने बानीको अतिरिक्त भाषालाई स्पष्ट, मिठासपूर्ण र प्रभावकारी बनाउन सहयोग गर्छ। लेख्य चिन्हबिना लेखाइ अर्थहीन हुनका साथै अनर्थ पनि हुन जान्छ। लेखाइका क्रममा लेख्य चिन्हको उचित प्रयोग गरी भाषाको शुद्ध प्रयोग गर्न सक्ने बनाउनु, लेख्यचिन्हको महत्त्वबारे जानकारी गराउनु, यसको पहिचान गर्नु आदि प्रयोजनार्थ लेख्य चिन्हको शिक्षण गरिन्छ। तसर्थ शुद्ध र स्तरीय भाषिक प्रयोगका क्रममा लेख्य चिन्हको शिक्षण आवश्यक देखिन्छ। लेख्यचिन्ह शिक्षणको आवश्यकता तथा प्रयोजनलाई निम्नानुसार बुँदामा उल्लेख गरिन्छ।

- मानक भाषा प्रयोग क्षमता बृद्धि गर्नु,
- विशुद्ध र स्तरीय भाषा प्रयोग सीप विकास गराउनु,
- लेखाइमा परिष्कार ल्याउनु,
- भाषिक व्यवहारलाई सरल बनाउनु,
- शिष्ट, सभ्य एवं सम्प्रेष्य लेखन क्षमता विकास गर्नु,
- सन्दर्भ र प्रसङ्ग अनुसार लेख्य चिन्ह प्रयोग क्षमता अभिबृद्धि गर्नु,
- भाषिक बोध तथा अभिव्यक्ति क्षमता विकास गराउनु
- कृति, लेख, रचनाको अर्थ बोध गरी रसास्वादन गर्नु,
- शब्द र अर्थका बीचमा पारस्परिक सम्बन्ध कायम गर्नु,
- भाषिक एकाइहरूका बीच सम्बन्ध कायम गरी प्रभावकारी अभिव्यक्ति क्षमता विकास गर्नु,
- उपयुक्त ठाउँमा उपयुक्त लेख्य चिन्हको प्रयोग गरी लेख्ने आदतको विकास गर्नु,
- विविध लेख्य चिन्हको उचित र सान्दर्भिक प्रयोग गर्न सक्ने क्षमताको विकास गर्नु,
- भाव अनुसारको पठन क्षमताको विकास गर्नु,
- विशुद्ध, प्राञ्जल, सम्प्रेष्य र मानक लेख्य भाषाको प्रयोग गर्ने सुझ र सीप प्रदान गर्नु,
- प्रयुक्त लेख्य चिन्हको ख्याल गरी शुद्ध उच्चारण क्षमताको विकास गर्नु आदि।

## लेख्य चिन्ह शिक्षणका कार्यकलाप एवं प्रक्रिया

लेख्य चिन्ह शिक्षणमा निम्नानुसारका कार्यकलाप गर्नु उपयुक्त देखिन्छ ।

- विभिन्न लेख्य चिन्हका नाम र ती चिन्हको सङ्केत सूची टाँस गरी हेर्न र पढ्न लगाउने,
- विराम र विरामेतर जस्ता लेख्य चिन्हहरूको उदाहरण सहित परिचय दिने,
- परिचय दिइएका चिन्हहरू कापीमा टिपोट गर्न लगाई शिक्षार्थीलाई पालैपालो वाक्यमा प्रयोग गर्न लगाउने,
- प्रत्येक शिक्षार्थीलाई लेख्यचिन्ह प्रयोग भएका वाक्य लेख्न लगाई त्यसको परीक्षण गरी सही वाक्यलाई सेतो पाटीमा टिप्ने,
- विभिन्न चिन्हहरूको प्रयोग भएको अनुच्छेद अनुलेखन गर्न लगाउने,
- पाठका विभिन्न अंश पढी फरक-फरक लेख्यचिन्ह पहिचान गर्न लगाउने र सङ्कलन गर्न लगाई ती चिन्हहरूलाई पाठको भन्दा फरक सन्दर्भमा प्रयोग गर्न लगाउने,
- शिक्षार्थीहरूलाई लिखित तथा मौखिक दुबै तरिकाबाट लेख्य चिन्ह प्रयोग भएका वाक्य रचना गर्न लगाउने,
- केही लेख्य चिन्हहरू दिई तिनलाई प्रयोग गरी स-साना अनुच्छेद रचना गर्न अभ्यास गराउने,
- विभिन्न वाक्य तथा अनुच्छेदहरूमा लेख्य चिन्हहरू प्रयोग हुने स्थान खाली छोडी शिक्षार्थीहरूलाई पालैपालो सही लेख्य चिन्ह प्रयोग गर्न लगाउने आदि ।

## लेख्य चिन्हको प्रकार र प्रयोग

भाषिक लेखनमा प्रयोगमा आउने चिन्हहरूलाई लेख्य चिन्ह भनिन्छ। भाषिक प्रयोगलाई गति र यतिसहित स्तरीय, शिष्ट एवं नियमसम्मत तुल्याउन लेख्य चिन्हको प्रयोग अपरिहार्य देखिन्छ । कथ्य भाषाका सन्दर्भमा नजानिदो गरी उच्चारणमा अडान वा यतिको प्रयोग व्यवहार हुने भए पनि लेख्य चिन्हहरू लिखित भाषासम्बद्ध हुन्छन् । लेख्य चिन्हहरू भाव एवं अर्थको स्पष्टता तथा भाषिक सम्प्रेषणमा सहजताका लागि उपयोगी मानिन्छन् ।

शब्द, वाक्य र अनुच्छेदको अभिव्यक्तिको समापन, वाक्यखण्ड बीचको अर्थ, अभिव्यक्तिको विशेष अवस्था, शब्द तथा वाक्यको विच्छेदन बुझाउन लेख्य चिन्हको प्रयोग गरिन्छ । नेपाली भाषालाई स्पष्ट, अर्थयुक्त र प्रभावकारी बनाउन लेख्य चिन्हको प्रयोग गरिन्छ । नेपाली भाषा लेखन कलालाई उच्च रूप दिन समेत लेख्य चिन्हको प्रयोग गरिन्छ । भाषा शिक्षणमा बोलाइसँगै लेखाइको आवश्यकता पर्दछ । बोलाइमा वक्ता र श्रोताको आवश्यकता पर्दछ । त्यसै गरी लेखाइमा लेखक र पाठकको आवश्यकता पर्दछ । लेखनमा लेखक र पाठक बीच तारतम्य मिलाउन, अर्थ सन्दर्भ तुल्याउन लेख्य चिन्हहरूको प्रयोग उचित तरिकाले गर्नु पर्दछ । तब मात्र लेखाइ अर्थपूर्ण र प्रभावकारी हुने गर्दछ । लेखाइ अर्थपूर्ण भएमा मात्र लेख्य चिन्ह प्रयोगशील हुने गर्दछ ।


बोलाइमा शब्द समूह, वाक्य समूह आदिलाई बलाघात र सूरहरूले परस्पर छुट्याएर राखेका हुन्छन् । जसले गर्दा भाषा बोधगम्य हुन्छ । लेखाइमा यही कार्य सम्पादनार्थ विरामादि पराभाषिक वा खण्डेतर भाषिक चिन्हहरूको प्रयोग गरिन्छ (नेपाल, २०६६ : १५५) । बोलाइका स्वरारोह-अवरोह, आघात, काकु आदिद्वारा उच्चारणगत सहज र सरलता प्राप्त गर्न सकिन्छ तर लेखाइमा विरामादि चिन्हद्वारा त्यति सकिदैन ।

संस्कृत, प्राकृत र यिनैबाट विकसित अन्य आधुनिक भारतीय भाषाहरूमा पाइने विरामादि चिन्ह तीन थरी मात्र छन् - निशान वा पूर्णविराम (।, ॥) अवग्रह (ऽ) चिन्ह र वैदिक ग्रन्थहरूमा पाइने सार-स्वरादि बोधक विविध चिन्ह । आधुनिक युगको आगमन हुनुभन्दा अघिको साहित्य मूलतः पद्यात्मक नै थियो । यसमा उपर्युक्त किसिमका सीमित विराम चिन्हहरूको प्रयोग गरिन्थ्यो । तर आधुनिक युग गद्यको युग भएकाले गद्यको संरचना पद्यको भन्दा

बेग्लै, विशिष्ट र जटिल पनि हुन्छ । त्यसैले पद्यका तुलनामा गद्यमा धेरै चिन्ह विधानको आवश्यकता पर्दछ । यही आवश्यकता पूर्तिका निम्ति अचेल भारतीय आर्य भाषाहरूमा पश्चिमेली र त्यसमा पनि रोमन लिपिसँग सम्बन्धित चिन्हहरूको प्रयोग चलेको छ । नेपाली भाषामा पनि यी चिन्हहरू नवीन शैलीगत महत्त्वका साथ प्रयोगमा आएका छन् । यस्ता चिन्हहरूको प्रयोगका निम्ति आवश्यक नियमहरूको परिपालन नगरी प्रयोक्ताले यादृच्छिकतापूर्वक गरेको पाइन्छ ।

आधुनिक नेपाली गद्य भाषामा प्रयोगमा चलेका लेख्य चिन्हको सङ्ख्यालाई भाषाविद् तथा वैयाकरणहरूले फरक-फरक देखाएका छन् । सोमनाथ सिग्द्यालको मध्यचन्द्रिकामा सात किसिमका चिन्हहरूको चर्चा गरेका छन् । हृदयचन्द्रसिंह प्रधानको चिन्ह परिचयमा तेइसओटा चिन्हहरूको परिचयात्मक चर्चा गरेका छन् । पुष्कर शम्शेरको नेपाली सजिलो व्याकरणमा छ किसिमका चिन्ह उल्लेख गरेका छन् । गोपाल पाँडे असीमको रचना केशरमा बाह्र किसिमका चिन्हहरूको चर्चा छ । रोहिणीप्रसाद भट्टराईको बृहत् नेपाली व्याकरणमा चौध किसिमका चिन्हहरूको चर्चा गरेका छन् । कृष्णप्रसाद पराजुलीको राम्रो रचना : मीठो नेपालीमा तेह्रओटा चिन्हको चर्चा गरिएको छ । पारसमणि भण्डारी र यादवप्रकाश लामिछानेको साधारण नेपालीमा एघार ओटा चिन्हको चर्चा गरिएको छ । कृष्णहरि बराल र नेत्र एटमको नेपाली व्याकरण, अभिव्यक्ति र अभ्यासमा बाह्र ओटा चिन्हहरूको उल्लेख गरिएको छ । घनश्याम नेपालको शैलीविज्ञानमा एक्काइस ओटा चिन्हको उल्लेख गरिएको छ । लालानाथ सुवेदी र हरिप्रसाद पराजुलीको नेपाली वर्णविन्यासमा एघार ओटा चिन्हको प्रयोग गरिएको छ । यसरी वर्गीकरणमा विविधता पाइए तापनि यी चिन्हहरू नेपाली गद्यमा कतै न कतै प्रयुक्त छन् ।

भाषिक लेखनमा प्रयोगमा आउने चिन्हहरूलाई लेख्यचिन्ह भनिन्छ । लेख्य चिन्ह अन्तर्गत वर्ण चिन्ह र वर्णेतर चिन्ह गरी दुई किसिमका चिन्हहरूको प्रयोग पाइन्छ । वार्णिक चिन्ह अन्तर्गत खण्डीय र खण्डेतर चिन्हहरू पर्दछन् भने वर्णेतर चिन्ह अन्तर्गत अल्पविराम, अर्धविराम, पूर्णविराम आदिजस्ता चिन्हहरू पर्दछन् । खण्डीय वर्णहरूको प्रतिनिधित्व स्वर वर्ण र व्यञ्जन वर्णहरूले गर्दछन् । यसै गरी शब्दात्मक वा वाक्यात्मक रूपमा प्रयोग हुने अल्पविराम, अर्धविराम, पूर्णविराम, निर्देशक, कोष्ठक आदि जस्ता विराम र विरामेतर सङ्केतहरू पनि लेख्य चिन्हका रूपमा प्रयोग गरिन्छन् । यस्ता चिन्हहरूलाई वर्णेतर चिन्ह भनिन्छ । अतः लेख्य चिन्हहरू अन्तर्गत यिनै वर्णेतर चिन्हहरू पर्दछन् । नेपाली लेख्य भाषामा अधिक प्रयोग हुने मुख्य चिन्हहरू निम्नानुसार रहेका छन् । यसलाई आरेखमा यसरी देखाइन्छ -




कार्यका आधारमा नेपाली लेख्य चिन्हहरू दुई किसिमका छन्- विराम चिन्ह र विरामेतर चिन्ह । जस मध्येका प्रमुख र प्रयुक्त भएकाहरूलाई दृष्टान्त सहित छोटकरीमा तल उल्लेख गरिन्छ ।

**अल्पविराम चिन्ह [ ' ]**

अल्पविराम भनेको छोटो विश्राम हो । यसलाई प्राथमिका, पादविराम र यति चिन्ह पनि भन्ने गरिन्छ । वाक्यभित्र समान वर्ण, पद, पदावली र वाक्यांशलाई छुट्याउदा यस चिन्हको प्रयोग गरिन्छ; जस्तै :

- इद्रेणीमा रातो, नीलो, हरियो, पहेँलो, सुन्तले र बैजनी रङ हुन्छन् ।
- तल-माथि, अगाडि-पछाडि, सबैतिर हेर ।
- रामका भेडा, श्यामका गाई, हरिका भैँसी र कृष्णका बाखा एउटै चरणमा चरिरहेका छन् ।
- सम्बोधनको अगाडि वा पछाडि पनि यस चिन्हको प्रयोग गरिन्छ; जस्तै : ए बाबु, यता एकचोटि हेर त ।
- वाक्यका अगाडि जोडसित समर्थन वा असमर्थन जनाउन आउने शब्द, अक्षरका पछाडि पनि लाग्छ; जस्तै : हो, ऊ यहाँ आएको थियो ।
  नाइ, म त्यो काम गर्दै गर्दिन ।
- वाक्यमा केही शब्द जोडी भएर आएका छन् भने प्रत्येक जोडी पछि अल्पविराम चिन्ह लाग्छ, जस्तै : उनको लवाई-खवाई, बोली-वचन, बानी-बेहोरा साह्रै असल छ ।

**अर्धविराम चिन्ह [ ; ]**

वाक्यको आधा अडानमा प्रयोग हुने चिन्हलाई अर्धविराम चिन्ह भनिन्छ (सुवेदी र पराजुली, २०५७ : ८८) । अल्पविराम भन्दा केही बढी पूर्णविराम भन्दा कम समय अडिदा अल्पविराम चिन्ह प्रयोग गरिन्छ । वाक्यभित्रका वाक्यखण्डहरूका बीचको अडानलाई देखाउन यस चिन्हको प्रयोग गरिन्छ । यसलाई सामिका, अर्द्धच्छेद पनि भन्ने गरिन्छ । खास गरी लामो र मिश्रित वाक्यलाई छुट्याउदा र वाक्यको सम्बन्ध अलि परको देखाउनु परेमा यो चिन्हको प्रयोग हुन्छ; जस्तै :

- पुस्तक त राम्रो छ; मोल भने कति चर्को ?
- अन्तिम वाक्यको समर्थनमा आउने उपवाक्यका पछाडि अर्धविराम चिन्ह प्रयोग हुन्छ; जस्तै : सबै नाचिरहेका छन्; खाइरहेका छन्; सबै भोजमा व्यस्त छन् ।

**सापेक्षविराम चिन्ह [ : ]**

वाक्यमध्यमा अर्धविराम भन्दा बढी अडानका लागि प्रयोग गरिने चिन्ह सापेक्षविराम हो । यसलाई अपूर्णविराम, न्यूनविराम पनि भनिन्छ । यसलाई थोप्ले अडान पनि भनिन्छ । यो संस्कृतमा विसर्ग जस्तै देखिए पनि त्यो होइन । यो चिन्ह प्रयोग हुने खास नियम छैन । अर्धविराम भन्दा बढी र पूर्णविराम भन्दा कम समय अडान लिनु परेमा, बराबर हो भनेर देखाउनु परेमा, शीर्षकहरूमा लेखकहरूको स्वविवेकमा प्रयोग गरिन्छ; जस्तै :

- नेपाली साहित्यका आदि कवि : भानुभक्त
- राम्रो रचना : मीठो नेपाली
- जीवनको पहिलो पाठशाला : घर

**पूर्णविराम चिन्ह [ । ]**

अल्पविराम, अर्धविराम र सापेक्षविराम भन्दा बढी समय अडान दिनु पर्ने चिन्हलाई पूर्णविराम भनिन्छ । यसलाई वाक्यविराम पनि भनिन्छ । यसलाई पूरा अडान भनिन्छ । यसले वाक्य समाप्त भएको जनाउछ । वाक्य टुङ्गिएको वा पूरा भएको जानकारी दिन पूर्णविराम चिन्ह प्रयोग गरिन्छ । प्रश्नार्थक, विस्मयादिबोधक र निर्देशक वाक्यमा चाहिँ तिनै चिन्ह मात्र लाग्छन्; पूर्णविराम लाग्दैन । खास गरी सामान्यार्थक, विध्यर्थक र अनिश्चयार्थक वाक्यका अन्त्यमा पूर्णविराम चिन्हको प्रयोग हुन्छ । सरल, मिश्र, संयुक्त र मिलित वाक्यहरू पूरा हुँदा वाक्यका अन्त्यमा प्रयोग गरिने चिन्हलाई पूर्णविराम चिन्ह भनिन्छ; जस्तै :

- प्रमदा विद्यालय जान्छिन् ।
- साल, महिना, गते राखेर मिति लेख्दा यसै चिन्हको प्रयोग हुन्छ; जस्तै : २०७६ । ०१ । १९
- घडी-पला, घण्टा-मिनेट आदिलाई छोटकरीमा लेख्दा पनि यो चिन्हको प्रयोग हुन्छ; जस्तै :
  द्वादशी १५।१५
  बिहान ०९।३०
- कविताको पङ्क्तिको अन्त्यमा पूर्णविराम चिन्ह प्रयोग हुन्छ, जस्तै :
  यो गादि त याहिँ हजूरको हो ।
  मैले त सेवा गरिबस्नु पो हो ॥

**प्रश्नचिन्ह [ ? ]**

प्रश्न वा सवाल, शङ्का र व्यङ्ग्य जनाउने वाक्यका अन्त्यमा यस चिन्हको प्रयोग हुन्छ । प्रश्नचिन्ह पछि पूर्णविराम चिन्ह प्रयोग गर्नु हुँदैन । यस चिन्हले प्रश्नार्थक भावका साथै पूणंविराम चिन्हको समेत काम गर्छ । यसलाई प्रश्नबोधक, प्रश्नवाचक, प्रश्नसूचक, सोधनी चिन्ह पनि भनिन्छ । जस्तै :

- तिमी कुन देशमा बस्छौ ? (सवाल)
- गुरुप्रसाद मैनालीको जन्म धनकुटामा (?) भएको थियो । (शङ्का)
- वर्तमान समयमा आदर्श चरित्र पाइन्छ ? (व्यङ्ग्य)

**नोट :** तिम्रो नाम बताऊ । तिम्रो बुबाको नाम लेख । जस्ता प्रश्नबोधक वाक्यमा प्रश्नचिन्ह प्रयोग नभई पूर्णविराम चिन्ह नै प्रयोग हुन्छ ।

**विस्मयादिबोधक/ उद्गार चिन्ह [ ! ]**

हर्ष, विस्मात, घृणा, शोक, आश्चर्य, भय र सम्बोधन आदि तीव्र मनोवेगमूलक शब्द र वाक्यका अन्त्यमा उद्गार चिन्हको प्रयोग हुन्छ । खास गरी विस्मयादिबोधक शब्द र त्यस्तो भाव बुझाउने सिङ्गै वाक्यका अन्त्यमा र सम्बोधन गरिएको व्यक्तिको नामका पछाडि यस चिन्हको प्रयोग गरिन्छ । यसले विस्मयादि भावका साथै अल्पविराम र पूर्णविराम चिन्हको समेत काम गर्छ, जस्तै :

- ओहो ! कति राम्रो फूल रहेछ !
- छि ! कस्तो घिन लाग्दो मान्छे !
- सानु ! अबदेखि यस्तो गल्ती नगर्नु !
- कठै विचरा ! त्यो बूढो त मरेछ !
- हे ईश्वर ! सृष्टिलाई सून्य पार्ने भयौ नि !

**उद्धरण चिन्ह [ " ", ' ' ]**

कुनै लेख वा पुस्तकबाट उदाहरण, दृष्टान्त वा प्रमाणका लागि लिइएको अंश उद्धरण हो । यस्तो भनाइको अगाडि पछाडि सङ्केत गर्ने चिन्ह उद्धरण चिन्ह हो । यो दुई प्रकारको हुन्छ- दोहोरो (युगल) र एकोहोरो (एकल) उद्धरण चिन्ह । यसलाई अवतरण चिन्ह पनि भनिन्छ ।

- कसैको भनाइलाई जस्ताको तस्तै राख्नु पर्दा दोहोरो उद्धरण चिन्ह प्रयोग गरिन्छ; जस्तै : हजुरबाले भन्नुभयो, "पढेर भन्दा परेर जानिन्छ ।"
- पुस्तक, पत्रिकाको नाम; कथा, कविता आदिको शीर्षक; पुरस्कारको नाम आदि लेख्दा एकोहोरो उद्धरण चिन्हको प्रयोग गरिन्छ; जस्तै : मैले देवकोटाको 'मुनामदन' खण्डकाव्य पढेँ ।
- कुनै शब्दको विशेष जोडमा वा तिनलाई महत्त्व दिंदा एकोहोरो उद्धरण चिन्हको प्रयोग हुन्छ; जस्तै : नेपालको प्रजातन्त्र 'बोकाको मुखमा कुभिण्डो' भएको छ ।

**योजक चिन्ह [ - ]**

शब्दहरूलाई जोड्न प्रयोग गरिने चिन्हलाई योजक चिन्ह भनिन्छ । यसलाई अंश चिन्ह, संयोजक चिन्ह, समास चिन्ह पनि भनिन्छ । योजक चिन्हले दुई वा सो भन्दा बढी समान महत्त्वको अर्थ भएका स्वतन्त्र शब्दहरू (पद) लाई जोड्ने काम गर्दछ । साथै चालु पङ्क्तिमा शब्द नअटाई अर्को पङ्क्तिमा लेख्नु पर्दा यस चिन्हको प्रयोग गरिन्छ; जस्तै : मन-वचन-कर्म, तन-मन-धन आदि ।

- समस्त शब्दका माझमा पनि योजक चिन्हको प्रयोग गरिन्छ; जस्तै : रात-दिन, दीन-दुःखी, सुख-दुःख, शब्द-रचना, वर्ण-विन्यास, मातृ-शिशु, प्रज्ञा-प्रतिष्ठान आदि ।
- धनकुटालाई प्रदेश राजधानी बनाउन नेताहरूले सहयोग गरेनन् ।

**कोष्ठक चिन्ह [ ( ) ]**

कुनै शब्दको अर्थ स्पष्ट पार्ने क्रममा प्रयुक्त हुने चिन्हलाई कोष्ठक चिन्ह भनिन्छ । कुनै कुरालाई थप पुष्टि वा स्पष्ट पार्न शब्द, पदावली वा वाक्यलाई कोष्टकभित्र राखेर प्रस्तुत गर्ने गरिन्छ । यसलाई बन्धनी चिन्ह पनि भनिन्छ; जस्तै :

- पर्वतकला स्नातक तह(बि.एड चौथो वर्ष) मा अध्ययनरत छात्रा हुन् ।
- अन्न (मकै, कोदो, धान) को भाउ महँगो छ ।
- क्रमसूचक अङ्क, अक्षर कोष्ठकमा लेखिन्छ; जस्तै : (१), (२), (अ), (आ), (क), (ख) आदि ।
- कुनै विषयमा शङ्का भएमा शङ्का जनाउने प्रश्नचिन्ह सानो कोष्टकभित्र राखिन्छ; जस्तै :
  के राम चोरी मुद्दामा (?) पऱ्यो ?
  गुरुप्रसाद मैनालीको जन्म धनकुटामा (?) भएको हो ।
- कुनै पद, वाक्य, विषय आदिको अर्थभाव अर्थात् तिनीहरूको टिकाटिप्पणी गरी प्रष्ट बुझाउनका लागि कोष्ठक चिन्ह दिइन्छ; जस्तै : शम्भुप्रसाद ढुङ्गेल नेपाली साहित्यका आशुकवि (छिटोछिटो कविता लेख्न सक्ने कवि) हुन् ।
- वाक्यमा कुरा प्रष्ट्याउन समानार्थी शब्दको प्रयोग गर्दा पनि कोष्ठक चिन्ह दिइन्छ; जस्तै : नेपालको राजधानी (काठमाडौँ) मा ठूलो भूकम्प आउने सम्भावना छ ।
- नाटकमा हाउभाउको सङ्केत गर्न पनि कोष्ठक चिन्हको प्रयोग गरिन्छ; जस्तै : राजा (अट्टाहास गर्दै) को ? को हो त्यो ?

**तिर्यक् चिन्ह [ / ]**

तिर्यक् चिन्हले दुई शब्दका बीचको विकल्पलाई बुझाउछ । यसलाई वैकल्पिक चिन्ह पनि भनिन्छ; जस्तै : आमाको पर्यायवाची शब्द माता/जननी हुन्छ ।

**सङ्क्षेप चिन्ह [ ० ]**

कुनै शब्दलाई छोटकरीमा लेख्नु पर्दा सङ्क्षेप चिन्हको प्रयोग गरिन्छ । यसलाई लाघवचिन्ह पनि भनिन्छ । प्रायः प्रसिद्ध भएको शब्दको वा आवश्यकता अनुसार सङ्क्षेप गरी लेखिएको अक्षरको पछाडि प्रयोग गरिन्छ; जस्तै : वि. सं. (विक्रम सम्वत्), क. सं. (क्रम सङ्ख्या)

यो चिन्ह प्रचलित वा विशेष शब्दको छोटकरी उच्चारणमा लगाइन्छ । तर हाल यसको प्रयोग नै नगरी सङ्क्षिप्त शब्द लेख्न थालिएको छ; जस्तै : त्रिभुवन विश्वविद्यालयको ठाउँमा त्रिवि ।

**ऐजन चिन्ह [ " ]**

कुनै एउटा नाम, पद, वाक्यको मुनि त्यही नाम, पद, वाक्य आदि आएका छन् भने त्यसको ठाउँमा ऐजन चिन्हको प्रयोग गरिन्छ । अर्थात् कुनै पनि अभिव्यक्त कुरा तल्लो पङ्क्तिमा पनि जस्ताको तस्तै दोहोऱ्याउनु पर्दा ऐजन चिन्हको प्रयोग गरिन्छ; जस्तै :

मलाई नेपालको सगरमाथा चाहिन्छ ।
" सगरमाथाको नेपाल " ।

**निर्देशक चिन्ह [ : / - / :- ]**

वाक्यमा भनिएका विषयलाई थप स्पष्ट पार्न, पहिले प्रस्तुत गरिएको वाक्यसँग सम्बन्धित अन्य सूचनालाई अघिल्लो वाक्यसँग सम्बन्घित बनाउन प्रयोग गरिने चिन्हलाई निर्देशक चिन्ह भनिन्छ । यसलाई आदेशक, धर्काचिन्ह पनि भनिन्छ । वाक्यभित्र कुनै कुरा निर्देशन गर्नु पर्दा यस्तो (-) चिन्ह र अन्यत्र उदाहरणसूचक 'जस्तै' शब्द प्रयोगद्वारा कुनै कुरा निर्देशन गर्नु पर्दा यस्तो (:-) चिन्हको प्रयोग हुन्छ (सुवेदी र पराजुली, २०५७ : ९२) । अचेल कतै कतै आदेशात्मक प्रश्न सोधाइमा यस्तो (:) चिन्ह मात्र प्रयोग गर्ने चलन छ ।

- बालकृष्ण समको भनाई छ - " देश भक्ति त मर्दैन चुत्थै देश भए पनि ।"
- तत्सम शब्दमा मात्र शिरबिन्दुको प्रयोग गरिन्छ; जस्तै : संवाद, संसार, संरचना, अंश आदि ।
- तलका शब्दहरूको अर्थ बताऊ : माता, दिवस, भोजन, उपहार, आशीर्वाद ।

**अपूर्ण चिन्ह [ ... ]**

कुनै लिखित अभिव्यक्ति पूरा वा पूर्ण छैन भन्ने कुरालाई जनाउन दिइने चिन्हलाई अपूर्ण चिन्ह भनिन्छ । यसलाई लोप, रिक्त र लुप्त चिन्ह पनि भन्ने गरिन्छ । जहाँ केही कारणले कुनै पद, वाक्यांश, वाक्यलाई गुप्त राख्नु छ, लेख्न योग्य नभई लोप गर्नु छ, अति लामो लेख्न उपयुक्त नभएर छोटो पार्नु छ, र प्रसिद्ध वाक्य, कथन, उक्ति, सूक्ति, श्लोक, चरण, उखान, बखानको शुरू र अन्त्यको दुई चार अक्षर लेखी दृष्टान्त दिनु छ भने यस्तो (...) चिन्हको प्रयोग गरिन्छ ।

उपकारी ... कहाँ छ र ।
उखुको टुप्पो ... घरको छेद ।

**लोप चिन्ह [ ‸ ]**

लेखाइका सिलसिलामा शब्द वा वाक्य छुट्ता थप्न प्रयोग गरिने चिन्हलाई लोपचिन्ह भनिन्छ । यसलाई काकपाते पनि भनिन्छ । यसलाई काकपद, त्रुटिचिन्ह समेत भनिन्छ; जस्तै : राम ‸ गयो । (बजार)

**विलोप चिन्ह [ 'वा' ]**

विलोपको अर्थ कुनै वस्तु नभएको स्थिति, अभाव हो । शब्दमा कुनै अक्षर लुकेको भए विलोप चिन्हको प्रयोग गरिन्छ । मौखिक भाषा (कथ्य) का शब्दको सङ्क्षिप्त स्वरूपलाई जस्ताको तस्तै देखाउदा विलोप चिन्हको प्रयोग गरिन्छ; जस्तै : राम बनेपा गइछ' (गएको छ) ।

सुमन चोकाँ '(चोकमा) गाछ' (गएको छ) ।

**अधोरेखा चिन्ह [ _ _ ]**

खास कुरालाई विशेष रूपमा महत्त्व दिन वा सङ्केत गर्न अक्षर, शब्द, वाक्य वा वाक्य समूहको तलतिर दिइने तेर्सो रेखाचिन्हलाई अधोरेखाङ्कन भनिन्छ । यसलाई कच वा अन्डरलाइन पनि भनिन्छ; जस्तै : एक नम्बर प्रदेशको <u>राजधानी</u> धनकुटामा नरहने कुरा स्पष्ट छ ।

**टीकाचिन्ह [ +, ±, x, * ]**

कुनै पद, पदावली, वाक्य, अनुच्छेद र ग्रन्थहरूको अर्थ स्पष्ट गरी लेखिएको व्याख्या, अर्थ नै टीका हो । यसो गर्दा यस्ता **+, ±, x, *** चिन्हद्वारा सङ्केत गरिन्छ । अतः टीकाचिन्ह कुनै कुराको टीका वा टिप्पणी दिंदा लगाइन्छ । यसलाई टिप्पणीसूचक चिन्ह पनि भनिन्छ; जस्तै : यति छोटो समयमा तपाईं* ले धेरै प्रगति तथा प्राज्ञिक उन्नयन गरेको देख्दा मलाई पनि खुशी लाग्यो ।

* प्रा.डा. जनार्धन घिमिरे 'पाँचथरे'

**विषयान्तरबोधक चिन्ह [ +++, xxx, §§§ ]**

चलिरहेको कुराकानी वा प्रसङ्गलाई छाडी अर्को विषय प्रसङ्गमा जाँदा दिइने चिन्हलाई विषयान्तरबोधक चिन्ह भनिन्छ । एउटै विषय र भावार्थको लेख भए पनि भिन्न छाँट र प्रसङ्गका जस्तो देखिने अनुच्छेद छुट्टिएको वा कुरा टुङ्गिएको वाक्य मुनि क्रमशः दुई तीन ओटा यस्ता चिन्हको प्रयोग गरिन्छ; जस्तै : छैटौं अध्याय जेलमा सुरु हुन्छ ।

२०१८ सालसम्म थैले खत्री जेलमा थियो । पहिले भोजपुर र पछि काठमाडौँ गरेर जेलमा उसले पाँच वर्ष बितायो । २०१८ सालमा ऊ निकै स्वस्थ थियो । उसको भाँचिएको हात चाहिँ अलिअलि टेडो थियो र उसको आखीँभुईमा एउटा ठूलो खत थियो ।

काठमाडौँमा आएपछि ऊ आफ्ना बन्दी साथीहरूलाई भन्ने गर्थ्यो रे – "मैले अल्लि बुद्धि पुऱ्याएनछु । एक्लै सबै थोक गर्न सकिन्छ भन्नु हुँदोरहेनछ ।"

अकस्मात् थैले खत्री दुनियाँबाट हरायो ।

छैटौं अध्याय यहीँ सकिन्छ ।

\+ \+ \+

२३ वर्षपछि २०४२ सालमा मैले अकस्मात् के सुने भने थैले खत्रीको चिहान नारायणी अञ्चलको चितवन जिल्लामा बग्ने राप्ती खोलाको किनारमा कतैतिर छ । मैले के आशा गरेको छु भने मेरो ऐतिहासिक विवरण पढेपछि जिज्ञासु पाठकहरूले थैले खत्री अर्थात् नरबहादुर खत्रीकै मृत्युको कारण र विवरण पनि पत्ता लगाउनेछन् र यो इतिहासमा सातौं अध्याय थप्नेछन् ।

*(प्रदिप नेपालको 'थैले खत्रीको इतिहाँस'बाट साभार)*

**समाप्तिसूचक चिन्ह [–○–, –x–, ~○~ ]**

भइरहेको वा चलिरहेको काम कुराको अन्त वा टुङ्ग्याउनीलाई समाप्ति भनिन्छ । लेखन कार्य समाप्त भएको जानकारी गराउनलाई खास किसिमको चिन्ह प्रयोग गरिन्छ त्यसैलाई समाप्तिसूचक चिन्ह भनिन्छ; जस्तै ('जीवन काँढा कि फूल' को अन्तिम हरफहरू)

चम्किलो प्रकाशमय बनोस्
र ज्योतिर्मय होस् ।
~○~

उपर्युल्लिखित चिन्हहरू मध्ये अधिकांश चिन्हहरू नेपालीमा अङ्ग्रेजीका माध्यमबाट आएका हुन् र यिनको प्रयोग पनि प्रायः अङ्ग्रेजी व्याकरणकै मान्यताअनुसार हुने गरेको छ । तर कतिपय गद्य पाठहरूमा यी चिन्हरूको प्रयोग स्वच्छन्द ढाँचामा भएको पनि पाइने हुँदा ती प्रयोक्ताका विशेष शैलीगत लक्षण पनि बनेका छन् (नेपाल, २०६६ : १५७) ।

## निष्कर्ष

भाषिक लेखनमा प्रयोगमा आउने चिन्हहरूलाई लेख्य चिन्ह भनिन्छ । अभिव्यक्तिगत शैलीमा नवीनता ल्याउने र सौन्दर्य बृद्धिको शृङ्गार सामग्री पनि चिन्ह नै हो । लेख्य चिन्हको ज्ञानबिना भाषिक बोध तथा अभिव्यक्ति निरस, निरर्थक, अस्पष्ट र असम्प्रेषणीय रहन्छ । यसको ज्ञानबिना न त मनोभावलाई सुन्दरताका साथ अभिव्यक्त गर्न सकिन्छ न त अभिव्यक्त कुरालाई अर्थबोध गरी रमाउन नै सकिन्छ । भाषिक प्रयोगलाई गति, यति, आरोह,अवरोह, बलाघातसहित स्तरीय, शिष्ट एवं नियमसम्मत तुल्याउन लेख्य चिन्हको प्रयोग अपरिहार्य देखिन्छ । लेख्य चिन्हको सही प्रयोगले अर्थमा स्पष्टता ल्याउने, सम्प्रेषणमा सहजता हुने, लेखन शैलीमा चमत्कार ल्याउने, विशिष्ट अर्थ प्रदान गर्न सहयोग गर्ने र भाषालाई बोधगम्य बनाउने गर्दछ । तसर्थ नेपाली भाषाका लेख्य चिन्ह शिक्षणको ठूलो महत्त्व रहेको छ । यसको शिक्षण र प्रयोगबाट शिक्षार्थीहरूमा शुद्ध लेख्ने बानीको विकास हुने, लेखन कलामा दक्ष हुने, स्तरीय र मानक भाषा प्रयोग क्षमता बृद्धि हुने गर्दछ । मानक भाषाको लेख्य स्वरूप निर्माण र उपयोग गर्ने सीप विकासमा जोड दिनु पर्दछ । लेखाइका क्रममा लेख्य चिन्हको उचित प्रयोग गरी भाषाको शुद्ध प्रयोग गर्न सक्ने बनाउनु, यसको पहिचान गर्नु, लेख्य चिन्हको महत्त्व बारे जानकारी गराउनु, सन्दर्भ र प्रसङ्ग अनुसार लेख्य चिन्ह प्रयोग क्षमता बृद्धि गर्नु, भाषिक व्यवहारलाई सरल बनाउनु, लेख रचनाको अर्थबोध गरी रसास्वादन गर्नु, शब्दार्थका बीचमा पारस्परिक सम्बन्ध कायम गर्नु आदि जस्ता प्रयोजनार्थ लेख्य चिन्हको शिक्षण गरिन्छ । लेख्य चिन्हको शिक्षण गर्दा पढिसकेका पाठलाई शिक्षणको अधार बनाउने, आगमनात्मक विधिको प्रयोगद्वारा उदाहरण र प्रयोग अभ्यासमा जोड दिने, स्वतन्त्र वा निर्देशित श्रुतिलेखन गराई पाठ हेरेर वा शिक्षकद्वारा सच्याउन लगाउनु पर्दछ । छलफल, प्रश्नोत्तर लेखन, रचना लेखन अभ्यास गराउने, लेखाइका कार्यकलापसित एकीकृत गरेर अभ्यास गराउने, अनुलेखन अभ्यास गराउने, प्रशस्त गृहकार्य दिने, विद्यार्थीद्वारा लिखित सामगीलाई उनीहरूकै सामुन्ने सच्याई सचेत गराउने जस्ता लेख्य चिन्ह शिक्षणका विभिन्न तरिका अपनाई पर्याप्त अभ्यासात्मक कार्यकलाप सञ्चालन गरी शिक्षण गर्नु पर्दछ ।

## सन्दर्भग्रन्थ सूची

अधिकारी, हेमाङ्गराज (२०५८). *समसामयिक नेपाली व्याकरण.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

नेपाल, घनश्याम (२०६६). *शैलीविज्ञान* (दो.सं). सिलगढी : एकता बुक हाउस प्रा.लि ।

पराजुली, कृष्णप्रसाद (२०५०). *राम्रो रचना : मीठो नेपाली* (सा.सं). काठमाडौँ : सहयोगी प्रेस ।

पाँडे, गोपाल (२०००). *रचना केशर.* काठमाडौँ : नेपाली भाषा प्रकाशिनी समिति ।

पोखेल, बालकृष्ण (२०५८). *नेपाली बृहत् शब्दकोश.* (सं) काठमाडौँ : ने.प्र.प्र ।

प्रधान, हृदयचन्द्रसिंह (२०३०). *चिह्न परिचय* (दो.सं). काठमाडौँ : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५६). *निम्नमाध्यमिक नेपाली व्याकरण, अभिव्यक्ति र अभ्यास.* काठमाडौँ : तलेजु प्रकाशन ।

भण्डारी र अन्य (२०६५). *साधारण नेपाली.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, रोहिणीप्रसाद (२०३३). *बृहत् नेपाली व्याकरण.* काठमाडौँ : ने.रा.प्र.प्र. ।

राई, जीना (२०७५). *कक्षा आठमा अध्यनरत बान्तवा राई मातृभाषी विद्यार्थीहरूले नेपाली लेख्य चिन्ह प्रयोग क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र. धनकुटा बहुमुखी क्याम्पस ।

शर्मा, मोहनराज (२०६०). *शब्दरचना र वर्णविन्यास, वाक्यतत्त्व, अभिव्यक्ति र पाठहरू.* काठमाडौँ :नवीन प्रकाशन ।

शर्मा, मोहनराज र कृष्णहरि बराल (२०५९). *भाषाविज्ञान र नेपाली भाषा* (चौ.सं). काठमाडौँ : नवीन प्रकाशन ।

सुवेदी, लालानाथ र हरिप्रसाद पराजुली (२०५७). *नेपाली वर्णविन्यास* (ते.सं). ललितपुर : साझा प्रकाशन ।

❑